परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ११ पृष्ठ ४ २०८२ कार्तिक १६ गते, आईतबार 02 November, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# जानकी मन्दिरमा पनि भ्रष्टाचार !



● टक नेपाल

मधेस प्रदेशमा भ्रष्टाचारका विभिन्न काण्ड बेलाबखत प्रकाशमा आउने गरेका छन् । पछिल्लो पटक जानकी मन्दिरमा समेत भ्रष्टाचार भएको भन्दै स्थानीय स्तरमा प्रश्न उठ्न थालेको छ ।

हिन्दु धर्मावलम्बीहरूको आस्थाको केन्द्र जनकपुरधामस्थित जानकी मन्दिरमा मुख्यमन्त्री सौन्दर्यीकरण अभियानअन्तर्गत लगाइएका करोडौं मूल्यका टायल धमाधम फुट्न थालेका छन् । वर्षौंदेखि मन्दिरको प्राङ्गणमा रहेको रातो मार्बल हटाएर मधेस प्रदेश सरकारले सौन्दर्यीकरणको नाममा गुणस्तरहीन मार्बल जडान गरेको भन्दै अभियन्ताले प्रश्न उठाउँदै आएका थिए । हाल नयाँ मार्बल ठाउँ-ठाउँमा फुटेपछि मन्दिरको सौन्दर्यमाथि नै दाग लागेको जस्तो भएको छ ।

२०७५ साउन १३ गते तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको नेतृत्वमा रहेको प्रदेश सरकारले जनकपुरधामस्थित जानकी मन्दिरमा सौन्दर्यीकरण अभियान औपचारिक उदघाटन गरेको थियो । सो कार्यक्रममा तत्कालीन भौतिक पूर्वाधारमन्त्री रहेका बहालवाला मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनल पनि सहभागी थिए ।

जानकी मन्दिरको सौन्दर्यीकरणका लागि प्रदेश सरकारले ७ करोड ७५ लाख रुपैयाँ विनियोजन गरेको थियो । यो परियोजना प्रदेश सरकारको पहिलो ठुलो विकास कार्यक्रम भएको भन्दै तत्कालीन मुख्यमन्त्री राउतले आवश्यक परे थप रकम प्रदेश सरकार आफैंले व्यहोर्ने बताएका थिए ।

परियोजनाअन्तर्गत तीन वटा प्रवेशद्वारको मर्मत सम्भार, मन्दिर परिसरभित्र मार्बल र ग्रेनाइट टायल जडान, लाइटिङ व्यवस्था तथा उत्तर र दक्षिण प्रवेशद्वारमा 'चरण गंगा' निर्माण गर्ने योजना थियो । यसका लागि आर.जे. रञ्जन कम्पनीलाई ठेक्का दिइएको थियो । तर सौन्दर्यीकरणको काम सुरु हुनासाथ स्थानीय युवाले निर्माणमा प्रयोग भएका सामग्रीको गुणस्तरबारे गम्भीर आपत्ति जनाए । उनीहरूले न्यूनस्तरका मार्बल र टायल प्रयोग भइरहेको भन्दै कार्यस्थलमै विरोध प्रदर्शन गरेका थिए । जसका कारण केही समय काम रोकिएको थियो ।

युवाहरूका अगुवा सरोज मिश्रले पुरातत्व विभागका कर्मचारी र ठेकदारबिचको मिलेमतोमा गुणस्तरहीन काम भइरहेको आरोप लगाउँदै निर्माण सामग्रीको गुणस्तर परीक्षण नभएसम्म कार्य अघि नबढाउने चेतावनी दिएका थिए । व्यापक विरोधका बाबजुद मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन इन्जिनियर भगवान झाले काम सम्पन्न भएको घोषणा गरेका थिए ।

जानकी मन्दिरका महन्थ रामतपेश्वर दासले आफू सुरुदेखि नै नयाँ मार्बलको विरोधमा रहेको बताए । उनले मन्दिरमा रहेको रातो मार्बल हटाएर नयाँ मार्बल जडान गर्नु नै गलत रहेको दाबी गरे । आफ्नै उत्तराधिकारी महन्थ रामरोशन दासको अगुवाइमा पुरानो मार्बल हटाएर नयाँ लगाइएको उनको आरोप छ ।

तर महन्थ रामतपेश्वर दासका उत्तराधिकारी महन्थ रामरोशन दास भने ठेकदारले मन्दिरसँग भएको सम्झौताविपरीत काम गरेको आरोप लगाउँछन् । उनका अनुसार मन्दिरमा पहिले रातो मार्बल थियो, तर ठेकदारले जबरजस्ती सेतो (ह्वाइट) मार्बल जडान गरेको हो । उनले भने, 'जानकी मन्दिरको

बाकी पष्ठ ४......

बिपी राजमार्ग

## ठप्प हुँदा बर्दीबास सुनसान



● टक नेपाल

बिहीबार रातिदेखि परिरहेको अविरल वर्षाका कारण विभिन्न स्थानमा पहिरो खसी आवतजावत बन्द हुँदा बिपी राजमार्गको प्रवेश विन्दु बर्दीबास सुनसान बनेको छ । शुक्रबार बिहानदेखि बिपी राजमार्ग अवरुद्ध हुँदा केही सवारीसाधन हेटौंडाको घुमाउरो बाटो प्रयोग गरेका छन् भने सयौं सवारीसाधन र यात्रु बाटो खुल्ने प्रतीक्षामा छन् । यद्यपि पानी पर्न नरोकिएकाले तत्काल बाटो खुल्ने सम्भावना कम देखिन्छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार बिपी राजमार्गका विभिन्न स्थानमा आएको पहिरो र लेदोका कारण आवागमन अवरुद्ध छ । ट्राफिक निरीक्षक बाबुराम कार्कीका अनुसार शुक्रबार बिहानदेखि काठमाडौंतर्फ जाने सवारीसाधनलाई बर्दीबासमै रोक लगाइएको छ । भिमान र सिन्धुलीसम्मका सवारी भने फाट्टफुट्ट चलिरहेका छन् ।

कार्कीका अनुसार काभ्रेपलाञ्चोकलगायत पहाडी क्षेत्रमा निरन्तर पहिरो खस्ने र लेदो बग्ने क्रम जारी रहेकाले केन्द्रको सूचनाका आधारमा काठमाडौं जाने सवारीमाथि रोक लगाइएको हो तर सिन्धुलीसम्म जाने सवारीमा भने चलिरहेका छन् । बर्दीबास-३, गौरीडाँडास्थित तौलपुल ट्राफिक बिटका जवान जनक दाहालका अनुसार सामान्य दिनमा बिहान १० बजेसम्म १५० देखि दुई सय सवारी गुड्ने बिपी राजमार्गमा शुक्रबार बिहानसम्म काठमाडौंतर्फ एउटा पनि सवारी चलेको छैन । उताबाट पनि आएका छैनन् । काठमाडौं जान आएका चार वटा निजी सवारीलाई हेटौंडाको बाटोबाट जान सुझाएको छ । यसबिच भिमान हुँदै पूर्वतर्फ दुई वटा सवारी र सिन्धुलीतर्फ चार वटा बस गएको दाहालले जानकारी दिनुभयो । दाहालले भन्नुभयो, "छोटो दुरीका मोटरसाइकल र ट्र्याम्पो भने चलिरहेका छन् ।"

यातायात व्यवसायीका अनुसार बर्दीबास हुँदै बिपी राजमार्गमा दैनिक करिब दुई हजार सवारीसाधन गुड्छन् । तीमध्ये बर्दीबासबाट मात्रै काठमाडौंका लागि दैनिक १५० सार्वजनिक सवारी सञ्चालनमा छन् । ती सवारीबाट दुई हजार यात्रु यात्रा गर्ने गरेको बर्दीबासका यातायात व्यवसायी सीताराम ढुङ्गेलले बताउनुभयो । वर्षा रोकिएलगत्तै पहिरो पन्छाउने र राजमार्ग सञ्चालनमा ल्याउने तयारी भइरहेकोले यात्रु र सवारीधनीलाई धैर्य गर्न ट्राफिकले अनुरोध गरेको छ ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# सिकार पर्यटन र स्थानीय सहभागिता

ढोरपाटन सिकार आरक्ष नेपालको एकमात्र कानुनी सिकार खेलिने क्षेत्र हो, जहाँ नाउर र झारलजस्ता गेम एनिमलको सिकारबाट हरेक वर्ष करोडौँ राजस्व उठ्ने गर्छ । सिकार पर्यटनले वन्यजन्तु संरक्षणका लागि आर्थिक स्रोत जुटाउने र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने ठूलो सम्भावना बोकेको छ। तर स्थापना भएको पाँच दशकपछि पनि यसको प्रत्यक्ष लाभ आरक्ष आसपासका मगर र छन्त्याल समुदायले पाउन सकेका छैनन् । यही कारणले स्थानीय स्तरमा वन्यजन्तु संरक्षणप्रति चासो घटेको र चोरी सिकारको प्रवृत्ति बढेको देखिन्छ ।

राजस्वको अधिकांश हिस्सा केन्द्रमा सीमित हुँदा सिकार पर्यटनबाट स्थानीय विकासमा खासै योगदान पुगेको छैन । यद्यपि सिकार पर्यटनबाट प्राप्त राजस्व, पर्यटक खर्च र सहायक रोजगारले राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ। तर यसको दीर्घकालीन दिगोपनाका लागि सिकार योग्य जनावरको वैज्ञानिक गणना, पारिस्थितिक सन्तुलन, घुम्ती चरिचरनको पुनर्स्थापना र चोरी सिकार नियन्त्रणमा ध्यान दिनुपर्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा भनेको स्थानीय समुदायलाई लाभांशमा सहभागी गराउनु हो। सिकार पर्यटनबाट प्राप्त आम्दानीको निश्चित हिस्सा शिक्षा, स्वास्थ्य र रोजगारीमा लगानी गर्न सके ढोरपाटनको सिकार पर्यटन विश्वस्तरीय आकर्षण बन्न सक्छ । स्थानीय स्वामित्व, पारदर्शी व्यवस्थापन र वैज्ञानिक दृष्टिकोणबिनाको सिकार पर्यटन दिगो बन्न सक्दैन ।




# औरही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## औरही, महोत्तरी
### मधेश प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको हाट बजार सम्बन्धि शिलबन्दी दरभाउ पत्र आहवान सम्बन्धी सूचना

### (प्रथम पटक प्रकाशित मिति २०८२/०७/१६)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ध) मा भएको व्यवस्था, नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त सम्बन्धि कार्यविधि, २०८२) बमोजिम आन्तरिक आय तर्फको लागि ठेक्का द्वारा गराउनको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेको इच्छुक फर्महरु तथा व्यक्तिहरुले दरभाउ पत्र पेश गर्नु पर्नेछ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगर कार्यापालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।.

तपशिल :-

| सि. नं. | ठेक्का नं. | पोखरीको विवरण | ठेक्का अवधि | न्युन्तम कवुल अंक (मु.अ.क.समेत ) | फिर्ता नहुनेगरी बोल पत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/२०८२/८३- राजस्व | कठुधार बजार ,औरही -४ | १ वर्ष | रु.१,५०,०००।- | रु.१०००।- |
| २ | ०२/२०८२/८३- राजस्व | श्रीपुर धर्मशाला नजिकको बजार ,औरही -५ | १ वर्ष | रु. २,००,०००।- | रु।१०००.- |
| ३ | ०३/२०८२/८३- राजस्व | टिमकिया तल्लो बजार ,औरही -८ | १ वर्ष | रु.२०,०००।- | रु.१०००।- |
| ४ | ०४/२०८२/८३- राजस्व | पुर्वारी पोखरी, औरही -१ | ५ वर्ष | रु.१३,००,०००।- | रु.३०००।- |
| ५ | ०५/२०८२/८३- राजस्व | पश्चिमवारी पोखरी, औरही -२ | ५ वर्ष | रु.३०,००,०००।- | रु.५०००।- |
| ६ | ०६/२०८२/८३- राजस्व | भुटन पोखरी, औरही -८ | ५ वर्ष | रु.७,००,०००।- | रु.३०००।- |
| ७ | ०७/२०८२/८३-राजस्व | वडा नं. ८ कार्यालय पछाडिको पोखरी, औरही -८ | ५ वर्ष | रु.४,००,०००।- | रु.१०००।- |

ठेक्का सम्बन्धि सामान्य शर्तहरु :-

१) दरभाउपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) राजस्व शाखाबाट तोकिएको समयमा खरिद गरि पेश गर्नु पर्नेछ।

२) शिलवन्दी दरभाउपत्र साथ जमानत वापत कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा रहेको सिटिजन बैंक ,शाखा कार्यालय औरही ,महोत्तरी मा रहेको धरौटी खाता नं. :- औरही न.पा. ग ३.१ स्थानीय तथा धरौटी खाता ०६६०१०००००१२४२०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी तोकिएको मिति र समयभित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ।

३) माथि उल्लेखित ठेक्काको कार्य स्थल दरभाउ पत्र दाताले आफै स्थलगत निरीक्षण गर्नु पर्ने छ र केहि सुझाव भए लिखित रुपमा कार्यलयमा निबेदन पेश गर्नु पर्ने छ।

४) दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति २०८२/०७/३० गतेका दिन कार्यालय समय सम्म र दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति २०८२/०८/०१ गतेका दिन १२:०० बजे सम्म तथा सोहि दिन १:०० बजे दरभाउ पत्र खोली मुचुल्का गरिनेछ।

५) दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दरभाउपत्र पत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट उल्लेखित कार्यहरु उल्लेख गरिएको समयमा गरिनेछ।

६) छुट्टा छुट्टै विषयको दरभाउपत्र फारम छुट्टा छुट्टै खाममा शिलवन्दी गरी खामको वाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्मको नाम र छाप स्पस्ट लेखी, यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्ने छ।

७) रितपूर्वक दाखिला भएको शिलवन्दी दरभाउपत्रहरु कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ। तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

८) म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको दरभाउपत्रलाई मान्यता दिइने छैन।

९) दरभाउपत्र खरिद गर्न र पेश गर्न आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि हुनुपर्ने र प्रचलित कानुन अनुसार , फर्म नविकरण भएको प्रमाणित प्रतिलिपी, स्थानीय फर्मको हकमा व्यवसाय कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्ने छ साथै व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

१०) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहने छ।

११) विस्तृत जानकारीकोलागि कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस नगरपालिकाको राजश्व शाखामा आई विस्तृत जानकारी लिन सकिनेछ।

१२) शिलबन्दी दरभाउ पत्र सम्बन्धि थप शर्त बन्देजहरु उपलब्ध गराइने दरभाउ पत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

१३) यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरु को हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# चक्रव्यूहमा किसान : रोप्ने बेला खडेरी, उठाउने बेला झरी

टक नेपाल



असार धान रोप्ने बेला किसानहरुले चको खडेरीको मार खेपे। यो समय धान भित्र्याउने समय हो, तर अविरल झरीका कारण वर्षभरिको मेहनत खेर जाने चिन्ताले किसानलाई सताइरहेको छ।

नेपालका किसानहरूले यस वर्ष खडेरी, डुबान र बेमौसमी वर्षाको चक्रवातमा फसेर धान खेतीमा ठुलो नोक्सानी व्यहोर्नुपरेको छ। धान रोप्ने बेलाको लामो खडेरी, बिचमा केही स्थानमा भएको डुबान र पाकेको धान भित्र्याउने समयमा परेको अविरल झरी। यस हिसाबले यस वर्ष किसान चक्रव्यूहमा परेका छन्।

खाद्य व्यवस्था विभागले समयमै र उचित मूल्यमा धान नकिन्दा तथा सरकारसँग स्पष्ट तथ्यांक र योजना अभावले समस्या झनै गहिरिएको छ। भीमफेदी गाउँपालिका-९ खर्कफाँट मकवानपुरको उत्तरी क्षेत्रको प्रमुख धान उत्पादन हुने फाँटमध्येको एक हो। त्यहाँ कात्तिकको दोस्रो साता धान भित्र्याउने बेला भएपनि बुधबार रातिदेखि परेको पानीले ठुलो क्षति पुऱ्याएको छ। स्थानीय किसान दिनेश घलानका अनुसार धेरैले धान काटेर सुकाएका थिए।

'धान चुट्ने बेलामा पानी आएर बर्बाद भयो, सबै धान भिजेको छ। काट्न ठिक्क परेको र काटिसकेको धान खेतमै डुबेको छ,' उनले भने।

भीमफेदी गाउँपालिका-९ मा पानीले भिज्दा भित्र्याउन नपाएको धान

यो समस्या भित्री मधेसका जिल्लाहरू र पहाडी तथा हिमाली फाँटहरूमा पनि व्यापक रूपमा देखिएको छ। गोरखा नगरपालिका-१० सिर्दीफाँट यतिबेला जलमय बनेको किसान तुलबहादुर थापाले बताए। तिहारलगत्तै धान काटेर भित्र्याउन ठिक्क परेको बेला पानी परेको र गाउँका एक-दुई जनाबाहेक सबैले धान काटेर खेतमा सुकाएकाले क्षति पुगेको उनको भनाइ छ।

बेमौसमी वर्षाका कारण वर्षभरिको मेहनत खेर जाने चिन्ता बढेको उनले व्यक्त गरे। गोरखामा जिल्लाका १० प्रतिशत किसानले धान भित्र्याइसकेका छन् भने करिब ४० प्रतिशतले धान काटिसकेका र ५० प्रतिशत किसान काट्ने तयारीमा छन्। कृषि ज्ञान केन्द्र, गोरखाका प्रमुख प्रकाश बस्ताकोटीका अनुसार वर्षाले विशेषगरी काटेर खेतमा सुकाएको धानबालीमा क्षति पुऱ्याएको छ। पाक्दै गरेका र काटेर राखेका धानलाई दुई-तीन दिन घाममा सुकाएमा भित्र्याउन सकिने भए पनि थप वर्षा भएमा धान झर्ने समस्या हुनसक्ने उनी बताउँछन्।

पूर्वी जिल्लाहरू सुनसरी, मोरङ, झापा, उदयपुर, खोटाङ, ओखलढुंगा, भोजपुर, धनकुटा, तेह्रथुम, पाँचथर, इलाम, ताप्लेजुङ, सङ्खुवासभा र सोलुखुम्बुमा पनि वर्षाले ठुलो असर पारेको छ। कोशी प्रदेशका यी १४ जिल्लाका अधिकांश क्षेत्रमा खेतमा पानी जम्दा काट्न तयारी गरिएको धान भिजेर नष्ट भएको छ। कतिपय ठाउँमा ढलेको धान उठाउन नसक्दा किसानहरू निराश भएका छन्।

रामेछापको मन्थली-७ की किसान सरिता ढुङ्गेल तिहार सकिएलगत्तै पाकेको धान काटेर भित्र्याउने तयारी हुँदै गर्दा पानी पर्दा तनाव थपिएको बताइन्। मौसम प्रतिकूल हुने कुरा थाहा भएपनि पानी पर्ने बेलासम्म भित्र्याइसक्ने आशले उनले धान काटेकी थिइन्। धान झार्नका लागि मुठा बाँध्ने काम धमाधम भइरहेको बेला पानी परेर सबै भिजाएको छ।

उत्पादनमा ठुलो गिरावट, किसानलाई आर्थिक भार

धानबाली वैज्ञानिक डा. रामवरण यादवका अनुसार यस वर्ष धान उत्पादनमा २० देखि २५ प्रतिशतसम्म कमी आउने अनुमान गरिएको छ। विशेषगरी पहाडी क्षेत्रमा धेरै असर देखिएको छ। आधुनिक जातका धानमा डर्मेन्सी (सुषुप्त अवस्था) नहुने भएकाले यदि वर्षा २-३ दिनसम्म जारी रहेमा बोटमा बाँकी रहेको धान खेतमै उम्रिन सक्ने चिन्ता पनि उनले व्यक्त गरे।

कृषि विभागका प्रवक्ता तिलकराज चौलागाईंका अनुसार गत वर्षको तुलनामा यस वर्ष धान खेती गरिएको कुल क्षेत्रफलमा करिब ३.५ प्रतिशतले कमी आएको छ। यस्तै समग्रमा धान उत्पादनमा ५ देखि ७ प्रतिशतसम्म कमी आउने अनुमान छ। गत वर्ष नेपालमा करिब ५७ लाख मेट्रिक टन धान उत्पादन भएको थियो। तर यो वर्ष २ लाख ५० हजारदेखि ३ लाख मेट्रिक टन हाराहारीमा घट्ने अनुमान गरिएको चौलागाईं बताउँछन्।

उनका अनुसार यो तथ्यांक रोपाइँ भएको आधारमा मात्रै हो। अहिले धान भित्र्याउने बेलामा पानी परेकाले झण्डै २७ प्रतिशत धान उत्पादनमा कमी हुनसक्ने डा. यादव बताउँछन्। उनका अनुसार उत्पादन घट्नुका साथै किसानहरूले धानको मूल्य पनि कम पाइरहेका छन्।

गत वर्ष प्रतिक्विन्टल ४ हजार १ सयदेखि ४ हजार २ सय रुपैयाँमा बिक्री भएको धान यस वर्ष ३ हजार २ सयदेखि ३ हजार ३ सय रुपैयाँसम्ममा बिक्री भइरहेको छ। तर बजारमा चामलको मूल्य भने ८/९ हजार रुपैयाँ प्रतिक्विन्टल छ, जसले किसान र उपभोक्ताबिचको मूल्यअन्तरलाई स्पष्ट पार्छ। कम मूल्यका कारण किसानहरू घाटामा छन् र उनीहरूले भारतबाट महँगो युरिया मल किनेर प्रयोग गर्नुपरेको यादव बताउँछन्।

सरकारको नीतिगत कमजोरी, तथ्यांक पनि छैन

किसानहरू चरम संकटमा परेका बेला सरकारसँग धान किसानको समस्या समाधानका लागि स्पष्ट तथ्यांक र योजनाको अभाव देखिन्छ। खाद्य व्यवस्था विभागले समयमै र उचित मूल्यमा धान नकिन्दा पनि किसानहरू समस्यामा परेका छन्। सरकारले मोटा र मध्यम मसिनो धानका लागि समर्थन मूल्य तोकेपनि मसिनो र बासमती धानका लागि तोकेको छैन। किसानहरूले अहिले मसिनो धान रुचाउने र उत्पादन गर्ने गरेकाले यो सरकारी नीतिले उनीहरूलाई थप मर्का परेको यादवको टिप्पणी छ।

कृषि विज्ञहरूले सुक्खा र बाढी सहन सक्ने उन्नत जातका धानको सिफारिस गरे पनि सरकारले भारतजस्तो नक्सांकन गरेर सुक्खाग्रस्त क्षेत्र पहिचान गरी सोही अनुसारको बीउबिजन र तालिम उपलब्ध गराउने रणनीति नअपनाएको यादव बताउँछन्। किसानहरू आफैँले बिउ किन्ने र उत्पादन बेच्ने काम गरिरहेका छन्।

कृषि मन्त्रालयबाट हालको क्षतिको पूर्ण विवरण प्राप्त गर्न पनि कठिनाइ भइरहेको प्रवक्ता जानुका पण्डित बताउँछिन्। संघीय संरचनाका कारण तथ्यांक संकलन प्रणालीमा आएको जटिलताले स्थानीय तहबाट प्रदेश र त्यसपछि केन्द्रसम्म विवरण आउन ढिलाइ हुने गरेको छ। दुई हप्ताअघिको वर्षाका कारण भएको क्षतिको विवरण पनि अझै कृषि मन्त्रालयले सार्वजनिक गर्न सकेको छैन।

राष्ट्रिय अर्थतन्त्रमा असर र आयातको सम्भावना

धान नेपालको प्रमुख बाली भएकाले यसको उत्पादनमा आउने २० देखि २७ प्रतिशतको कमीले कृषि जीडीपी (गार्हस्थ उत्पादन) र समग्र जीडीपी दुवैमा असर पार्ने डा. यादव बताउँछन्। कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादन (जीपीपी) मा करिब २० प्रतिशत योगदान गर्छ। आन्तरिक उत्पादन घट्ने भएकाले धान आयात बढ्ने निश्चित भएको छ। यसको यकिन तथ्यांक कृषि मन्त्रालयले सर्वेक्षण गरेपछि मात्र आउने कृषि विभागले जनाएको छ।

चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो तीन महिनामा मात्र १२ अर्ब ४७ करोड ७४ लाख ७३ हजारको खाद्यान्न आयात भएको छ। भन्सार विभागले आइतबार प्रकाशन गरेको तथ्याङ्क अनुसार पहिलो त्रैमासमा निर्यात जम्मा ३ करोड १२ लाख २५ हजार रुपैयाँ बराबर छ। खाद्यान्नमा मात्रै नेपालको व्यापार घाटा १२ अर्ब ४४ करोड ६२ लाख ४८ हजार रुपैयाँ देखिन्छ। अब खडेरी, वर्षा र डुबानले अझै आयात बढाउने विज्ञहरुले चेतावनी दिँदै आएका छन्।

राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष पञ्चकाजी श्रेष्ठ यस वर्षको अवस्था नेपालका धान किसानका लागि राम्रो नरहेको बताउँछन्। सरकारले अविलम्ब किसानहरूको समस्या सम्बोधन गर्न र दीर्घकालीन कृषि नीति तथा योजना बनाउनुपर्ने आवश्यकता टड्कारो देखिएको उनी बताउँछन्। 'यो पटक किसानहरु धेरै समस्यामा परेका छन्। सरकारले बेलैमा किसानका लागि गम्भीरताका साथ सोचेनन् भने यसको असर अर्को वर्ष झन् बढी देखिन्छ,' उनी भन्छन्।






### पुलको निर्माण

# कार्य ८ वर्षमा पनि सम्पन्न हुन सकेन



● टक नेपाल

इच्छापुर र महेन्द्रनगरलाई जोड्ने निर्माणाधित पुलको निर्माण कार्य ८ वर्षमा पनि सम्पन्न नहुँदा स्थानीयहरु सास्ती भोग्दै आएको छ।

निर्माण कार्यमा देखिएको निरन्तर ढिलासुस्तीका कारण स्थानीय बासिन्दाले आवतजावतमा चरम सास्ती भोगिरहेका छन्।

विशेषगरी वर्षायाममा खोलामा बाढी आउँदा इच्छापुर र महेन्द्रनगरका बासिन्दालाई आवतजावत गर्न ठूलो कठिनाइ हुने गरेको छ। करिब १२० फिट लामो र १२ फिट चौडाइको यो पुलको निर्माण ८ वर्षमा पनि किन हुन नसकेको भन्नेबारे सम्बन्धित निकायले अझै स्पष्ट पार्न सकेको छैन।

स्थानीय बासिन्दाहरूले पुल निर्माण कार्य सम्पन्न गराउन माग गर्दै पटक-पटक जिल्ला सडक डिभिजन कार्यालयको ध्यानाकर्षण गराउँदै आएका छन्। उनीहरूले पटक-पटक दबाब दिए पनि पुल निर्माणमा एक दशकदेखिको समस्या समाधान नहुँदा स्थानीय स्तरमा उत्पादन भएका कृषि उपज बजारसम्म पुऱ्याउन समेत कठिनाइ भइरहेको छ।

यसबाहेक, स्थानीयहरूले भनेका छन् कि "यदि हालको ठेकेदारले काम गर्न सक्दैन भने, अर्को सक्षम ठेकेदारलाई जिम्मेवारी दिएर यो पुल चाँडोभन्दा चाँडो निर्माण गर्नुपर्छ।"भने जोडदार माग गरे

स्थानीयको जोडदार माग अनुसार सम्बन्धित निकायले तत्काल पहल नगरे पुल निर्माण कार्य अझै अनिश्चित बन्न सक्ने चिन्ता व्यक्त गरे।

### चुरे संरक्षण तथा पर्यटन प्रबर्द्धन

# फाउन्डेसन नेपालको महोत्तरी जिल्ला कार्यसमिति गठन

● टक नेपाल



चुरे संरक्षण तथा पर्यटन प्रबर्द्धन फाउन्डेसन नेपालको महोत्तरी जिल्ला कार्यसमिति गठन गरिएको छ।

फाउन्डेसनको केन्द्रिय अध्यक्ष युवराज लामाको प्रमुख आतिथ्य र मधेस प्रदेश अध्यक्ष विष्णु साहको अध्यक्षतामा आज महोत्तरीको बर्दिवासमा आयोजित एक भेलाले महोत्तरी अध्यक्षमा सजिता बस्नेत (डाल कुमारी बस्नेत) को नेतृत्वमा ९ सदस्यीय कार्य समिति चयन गरिएको छ।

समितिको उपाध्यक्षमा यादव ढुंगेल, सचिवमा अजयकुमार साह र कोषाध्यक्षमा रामबाबु ठाकुर चयन भएका छन्।

त्यसैगरी सदस्यहरुमा पूजा भट्टराई, चुरामणी दाहाल, करुणा पौडेल, हिराकुमारी लुंगेली र मन्दिप विस्ट रहेका छन्।चुरे क्षेत्रमा रहेको ऐतिहासिक स्थल, तथा प्राकृतिक सम्पदाका संरक्षण गर्दै पर्यटन प्रबर्द्धन र पर्यटकीय क्षेत्र बनाउनको लागि विभिन्न संघसंस्था लगायत संग सहकार्य र समन्वयन गरि अभियान संचालन गर्ने, जनसमुदायमा समाजिक चेतना जगाउन विभिन्न किसिमको पर्यटन प्रबर्द्धन सम्बन्धी अभियान तालिम, गोष्ठी, अन्तरक्रिया, ऱ्याली, संदेशमुलक कार्यक्रम संचालन गर्ने र गराउने, वन वन्यजन्तु तथा प्राकृतिक सम्पदाको संरक्षणका लागि जनचेतना अभिबृद्धि गर्ने, चुरे क्षेत्र भित्रको वनको अतिक्रमण हुनबाट जोगाउन पहल गर्ने साथै उक्त क्षेत्रमा आवश्यकता अनुसार बृक्षारोपणण गर्न सम्बन्धित निकायसंग सहकार्य गर्ने तथा समन्वय गर्ने , चुरे क्षेत्रको वन भूमि, जल भण्डार, जैविक विधिधताको संरक्षण गदै पर्यटन प्रबर्द्धनका लागि सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसंग सहकार्य तथा सहयोग गर्ने र चुरे क्षेत्रमा रहेका धार्मिक, साँस्कृतिक जस्ता विभिन्न किसिमको स्थलहरुलाई संरक्षण र सम्बद्धनमा सहयोग पुरयाउने जस्ता उद्देश्य सहित यो फाउन्डेशनको गठन गरिएको सचिव अजयकुमार साहले जानकारी दिए।

# जानकी मन्दिरमा पनि.............................

सौन्दर्यीकरणका विषयमा सबै दलका संसदीय दलका नेता, सेना, प्रहरी लगायतको सर्वदलीय बैठक बसेर मन्दिरको मौलिकता नष्ट नहुने गरी सौन्दर्यीकरण गने ' निर्णय भएको थियो, तर सो अनुसार काम भएन।'

रामरोशन दासका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका इन्जिनियर भगवान झालाई रातो ग्रेनाइट जडान गरिएको मन्दिरमा रातै प्रयोग गर्नुपर्छ भनेर बारम्बार आग्रह गरिएको थियो। इन्जिनियर झाले 'पुरातत्व विभागको निर्देशनअनुसार सेतो मार्बल जडान गर्नुपर्ने' भनेर जबाफ दिएपछि आफ्नो केही नलागेको महन्थ रामरोशन दासले प्रस्ट पारे।

उनका अनुसार मन्दिरमा २८ एमएम मोटाइको मार्बल प्रयोग गर्नुपर्नेमा १४ एमएमको मात्र, त्यो पनि न्यून गुणस्तरको मार्बल प्रयोग गरिएको थियो। आफूले पटक-पटक विरोध जनाए पनि जबर्जस्ती काम पूरा गरिएको भन्दै यसमा आफ्नो कुनै दोष नरहेको उनले स्पष्ट पारे।

बिहीबार जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले जानकी मन्दिरमा फुटेका मार्बल/टायलको स्थलगत अनुगमन गरेका छन्। सो क्रममा उनले भवन संरचना र प्राङ्गणको सुरक्षा तथा सौन्दर्य कायम राख्न तत्काल मर्मत-सम्भार आवश्यक रहेको बताए।

नगर प्रमुख साहले भने, 'जानकी मन्दिर धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले विशेष महत्त्वको स्थल हो। यसप्रकारको क्षति दीर्घकालीन रूपमा संरक्षणको दृष्टिले हानिकारक हुन सक्छ। त्यसैले हामी तुरुन्त सुधारका काम सुरु गर्नेछौं।'

उपमहानगरपालिकाका इन्जिनियर र निर्माण टोलीले फुटेका टायलको मात्रा, कारण र प्रभावित क्षेत्रको विश्लेषण गरी मर्मतका लागि विस्तृत योजना तयार गर्ने नगर प्रमुख साहले जानकारी दिए। स्थलको संरचना र मौलिकता कायम राख्दै नयाँ टायल राख्ने र आवश्यक स्थानमा सुरक्षा प्रबन्ध गर्ने उनको भनाइ छ।

नगर प्रमुख साहले जानकी मन्दिरमा फुटेका टायल तत्काल फेर्ने निर्णय भए पनि यस सम्बन्धी फाइल हाल अख्तियारमा पुगेको जनाए। अख्तियारले अनुसन्धान सम्पन्न नभएसम्म मन्दिरमा कुनै परिवर्तन नगर्न निदे 'शन दिएको छ। साथै, विवाह पञ्चमी नजिकिँदै गर्दा मन्दिरमा फुटेका टायलले श्रद्धालु भक्तजनमा नराम्रो छाप पर्ने भन्दै सरोकारवालाले बेलैमा गम्भीर ध्यान दिनुपर्ने स्थानीयको माग छ।

# मटिहानीमा हरिबोधनी एकादशी पूजा धुमधामका साथ सम्पन्न

● टक नेपाल



मटिहानी नगरपालिका-७ स्थित ऐतिहासिक तथा धार्मिक स्थल लक्ष्मीनारायण मठमा आज हरिबोधनी एकादशीको अवसरमा विशेष पूजा-अर्चना एवं धार्मिक अनुष्ठान सम्पन्न भएको छ।

विहानैदेखि मठ परिसरमा दर्शन तथा पूजाका लागि श्रद्धालुहरूको भीड लागेको थियो। भक्तजनहरूले भगवान् विष्णुको आराधना गर्दै ब्रत, भजन-कीर्तन र दीपदानमार्फत आस्था प्रकट गरेको देखिएको थियो।

पुजारीहरूको अगुवाइमा वैदिक विधिअनुसार पूजा सम्पन्न गरिनुका साथै मठ परिसर आकर्षक दीपहरूले झलमलिएको थियो। भक्तजनहरूले दीप बाल्दै भगवान् लक्ष्मीनारायणसँग परिवारको सुख-समृद्धि र देश-विदेशमा शान्तिको कामना गरेका थिए।

ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको रूपमा परिचित लक्ष्मीनारायण मठमा प्रत्येक वर्ष कार्तिक शुक्ल एकादशीका दिन विशेष पूजा-अर्चनासहित हरिबोधनी एकादशीको पर्व मनाइँदै आएको छ। यस अवसरमा मटिहानीका साथै आसपासका क्षेत्र तथा भारतको सीमावर्ती भूभागका भक्तजनहरू समेत दर्शनका लागि आउने गरेका छन्।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

☞ २४ सं घण्टा इमजेन्सी सेवा
☞ ICU,NICU,PICU सेवा
☞ EndosocopyDiode Laser सेवा
☞ विभिन्न ंगहरुको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा

☞ Laproscopy सेवा
☞ X-Ray, USG, CT Scan सेवा
☞ क्याबिनको समेत व्यवस्था भएको
☞ 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्धारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014